नि.प्र.का. सप्तरी द.नं. ११/०४८/०४९ स.नि.हु.का.द.नं. ५/०६४/०६५

# राजविराज दैनिक

वर्ष ३१ अंक २२५ २०७८ साल चैत २५ गते शुक्रबार (8 Apr. 2022 Friday) मूल्य रु. ५/-

**Log in : rajbirajdainik.com.np**

**आगलागीबाट सावधानी अपनाऔं ।**

**निम्न कारणले आगलागी हुनसक्छन्,**
आगोको प्रयोगमा होसियारी नअपनाउँदा ।
प्रज्वलनशील बस्तुको उचित प्रयोग नगर्दा,
हुरी बतास चल्दा,
प्रयोगपछि आगोको उचित व्यवस्थापनमा लापरवाही गर्दा,
चट्याङ पर्दा तथा बिजुलीका तार सर्ट हुँदा ।
**त्यसैले, सचेत रहौं, आगलागीबाट बचौं र बचाऔं ।**

नेपाल सरकार
विज्ञापन बोर्ड

*यस अंक भित्र :* २ पृष्ठमा : नास्टले एक पटक चार्ज... ३ पृष्ठमा : श्रीलंकाली राष्ट्रपतिद्वारा आर्थिक.. ४ पृष्ठमा : सेप्टिक ट्यांकीमा भेटियो..

# विभिन्न कारण देखाउँदै मधेश प्रदेशका २१ जनासहित ७१ निर्वाचन अधिकृतलाई हटाइए

**दैनिक समाचारदाता**
**राजविराज, २४ चैत ।**

निवार्चन आयोगले विभिन्न कारण देखाउँदै मधेश प्रदेशका २१ जना सहित ७१ निर्वाचन अधिकृतलाई जिम्मेवारीबाट हटाएको छ ।

बिहीवार आयोगले नियमित पत्रकार सम्मेलनमा निर्वाचन सञ्चालन तथा व्यवस्थापनका लागि तोकिएका ७१ जना निर्वाचन अधिकृतलाई विभिन्न कारणले काम गर्न नसक्ने अवस्था सिर्जना भएको भन्दै उनीहरुको स्थानमा ७१ जना नयाँ निर्वाचन अधिकृत नियुक्त समेत गरेको छ ।

नियमित पत्रकार सम्मेलनमा बोल्दै निर्वाचन आयोग नेपालका सूचना अधिकारी एवं सहायक प्रवक्ता सूर्यप्रसाद अर्यालले स्थानीय तह निर्वाचन २०७९ मा खटिने निर्वाचन अधिकृतहरुको प्रशिक्षण प्रदान गर्नका लागि चैत्र २३ गते निर्वाचन व्यवस्थापन तथा सञ्चालन मुख्य प्रशिक्षक प्रशिक्षण कार्यक्रम काठमाडौंमा सम्पन्न भएको बताए ।

मुख्य प्रशिक्षक प्रशिक्षण कार्यक्रममा सहभागी बनेका सहभागीहरुले २०७८ चैत्र ३० गते र २०७९ साल वैशाख २ गते प्रदेशस्तरमा सञ्चालन हुने आठ स्थानमा हुने प्रशिक्षण कार्यक्रममा मुख्य निर्वाचन अधिकृत, निर्वाचन अधिकृत र निर्वाचन अधिकारीहरुलाई प्रशिक्षण प्रदान गर्ने कार्यक्रम रहेको छ ।

# अनुदानका च्यापकटर मेशिन बितरण



**दैनिक समाचारदाता**
**राजविराज, २४ चैत ।**

सप्तरीको रुपनी गाउँपालिकाले किसानहरुका लागि ५० प्रतिशत अनुदानमा मोटरसहितको च्यापकटर मेशिन बिहीबार बितरण गरेको छ ।

गाउँपालिकाको कार्यालयमा बिहीबार गाउँपालिका अध्यक्ष हरेराम यादव, उपाध्यक्ष बेचनीकुमारी सरदार, प्रमुख प्रशासकीय अधिकृत अरबिन्द कुमार चौधरीले ती मेशिन किसानहरुलाई बितरण गरेका हुन् ।

गाउँपालिकाको पशुपंक्षी विकास शाखाको बार्षिक कार्यक्रम अन्तर्गत कृषकहरुलाई ५० प्रतिशत अनुदानमा पहिलो चरणमा ५५ जना बितरण गरिएको पशुपंक्षी विकास शाखाका प्रमुख धनजित कुमार खडगाले जानकारी दिएका छन् ।

सो च्यापकटर मेशिनका लागि १ सय ४१ जना किसानको आवेदन परेकोमा पहिलो चरणमा ५५ जना व्यवसायिक किसानलाई च्याप कटर उपलब्ध गराएको उनले बताउँदै बाँकीलाई एक साताभित्रै उपलब्ध गराउने उनको भनाई छ ।

उनले किसानले पाएका मेसिनको सहयोगले व्यवसायिक रुपमा पशुपालन गरिरहेकाहरुलाई थप सघाउ पुग्ने विश्वास व्यक्त गरे ।

# गर्भपतन गर्ने अभियुक्तलाई डेढ वर्ष कैद सजाय

**दैनिक समाचारदाता**
**राजविराज, २४ चैत ।**

जिल्ला अदालत सप्तरीले जिल्लाको महादेवा गाउँपालिकाकी एक महिलाको गर्भपतन गर्ने अभियुक्तलाई कैद सजाय फैसला गरेको छ । सो घटनाका अन्य तीन जना आरोपितले भने सफाइ पाएका छन् ।

महादेवा गाउँपालिका ४ डाढा बलिया टोलकी २४ वर्षीया महिलालाई कुटपिट गरी गर्भपतन गरेको आरोपमा सोही ठाउँका ५८ वर्षीय डोमा भनिने लक्ष्मण राउत बरैलाई डेढ वर्ष कैद सजाय भएको अदालतले जनाएको छ ।

बरैसहित उनका छोरा २७ वर्षीय श्याम राउत वरै, सोही ठाउँका ६५ वर्षीय रामजी साह र उनका छोरा ४० वर्षीय सुरेन्द्र साहले २०७७ फागुन ६ गते दिउँसो कुटपिट गरी गर्भपतन गराएको भन्दै पीडितले इलाका प्रहरी कार्यालय कञ्चनरूपमा उजुरी दिएका थिए ।

आफ्नो खेतमा बालीनाली हेर्न गएका बेला आरोपितहरूले गहुँबारीमा घाँस काट्ने बहानामा आफ्नो खेतको गँहु काटिरहेको देखिएपछि रोक्न खोज्दा लातमुक्काले कुटपिट गरी घाइते बनाएको पीडितको आरोप छ ।

जिल्ला न्यायाधीश प्रेमप्रसाद न्यौपानेको इजलाशले आरोपित लक्ष्मण, श्याम र रामजी जनही रु ३० हजारमा धरौटी राखी पूर्पक्षका लागि रिहा भएका थिए । जिल्ला अदालतमा २०७७ चैत १० गते हाजिर भएका सुरेन्द्रसमेत सोही दिन रु ३० हजारमा धरौटी राखी पूर्पक्षका लागि रिहा भएका थिए ।

# कानुन मन्त्रीमा शर्मा नियुक्त

काठमाडौँ, २४ चैत (रासस) ।

राष्ट्पति विद्यादेवी भण्डारीले कानुन, न्याय तथा संसदीय मामिला मन्त्रीमा गोविन्दप्रसाद शर्मा कोइरालालाई नियुक्त गर्नुभएको छ ।

राष्ट्रपति भण्डारीले मौजुदा मन्त्रिपरिषद्मा नेपालको संविधानको धारा, ७८ को उपाधारा (१) बमोजिम प्रधानमन्त्री शेरबहादुर देउवाको सिफारिसमा शर्मालाई मन्त्री नियुक्त गर्नुभएको हो ।

कानुन, न्याय तथा संसदीय मामिला मन्त्रालयको कार्यभार सम्हाल्दै आउनुभएका मन्त्री दिलेन्द्रप्रसाद बडूलाई उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालयको कार्यभार सम्हाल्ने गरी नियुक्ति एवं कार्यभार तोक्नुभएको राष्ट्रपतिको कार्यालयले जनाएको छ ।

# अस्ताउँदो सूर्यलाई अर्घ



**दैनिक समाचारदाता**
**राजविराज, २४ चैत ।**

चैती छठ पर्व अन्तरगत बिहीबार साँझ अस्ताउँदो सूर्यलाई अर्घ दिइएको छ । सूर्यलाई अर्घ दिएर ब्रतालुले आफ्ना परिवारको सुख, समृद्धि, शान्ति र दिर्घायुको कामना गरेका छन् ।

राजविराजस्थित भगवती, कल्टु, तुरन्ती, पूर्णी लगायतका पोखरीमा सय भन्दा बढी बनाइएका छठ घाटमा ब्रतालुले सूर्यलाई अर्घ दिए ।

यता कतिपय ब्रतालु अस्ताउँदो सूर्यलाई अर्घ दिन घरबाट घिस्रिएर पूजा घाटसम्म पुगेका थिए । सडकमा सुतेर हातले चिहनो लगाउँदै गरिने धार्मिक कार्यलाई दण्ड प्रणाम भनिन्छ ।

कात्तिक र चैत महिनामा छठ पर्व मनाइन्छ । कात्तिको छठ पर्वलाई मुख्य छठ पर्व मान्ने चलन रहेपनि केही वर्ष यता चैती छठ मान्नेको संख्या पनि बढ्दो छ ।

चार दिवसीय चैती छठ पर्वको धार्मिक बिधी मंगलबार बाटै सुरु भएको थियो ।

***बाँकी अन्तिम पृष्ठमा***

## जनज्योती कृषि सहकारीमा सदस्यता किन ...?

नीति, कार्यविधि र सुशासनमा चलेको संस्था
रणनीतिक योजना एवं लक्ष्य र उद्देश्यका आधारमा संचालित संस्था ।
आर्थिक समृद्धिका विभिन्न अवसरहरु भएको संस्था ।
विभिन्न घटना एवं दुर्घटनामा सुरक्षाको प्रत्याभुती गर्ने संस्था ।
प्रभावकारी व्यवस्थापन र सुशासनका लागि राष्ट्रिय सहकारी बैंकको राष्ट्रिय स्तरको care कार्यक्रममा आवद्ध संस्था ।
नेतृत्व विकासका लागि प्रसस्त अवसरहरु भएको संस्था ।
उद्यमशिलता विकासका लागि विभिन्न कार्यक्रमहरु भएको संस्था ।
सामाजिक उत्तरदायित्व वहन गर्ने संस्था ।
सहकारी अभियानमा राष्ट्रिय तहको नेतृत्व गर्न सफल संस्था ।
सदस्य मैत्री बचत र ऋण सेवा सहितको संस्था ।
व्यवसायिक कार्यक्रम संचालन गरेको संस्था ।
कृषि पेशालाई प्रात्साहन गर्ने संस्था ।
सदस्यहरुको कृषि उत्पादनको उचित मुल्यमा आकर्षक बजारीकरण गर्ने संस्था ।
त्यसैले आजै संस्थामा जुटौं, **"बचत गरौं समृद्ध वनौं"**

**जनज्योति कृषि सहकारी संस्था लि.**
**राजविराज ९ मलेठ, सप्तरी**
**सम्पर्क नं. ०३१-५९०६०१, ०३१५९०६०२, www.janajyoticoop.com.np**

## सम्पादकीय ....

# विभिन्न बस्तुमा गरिएको कृतिम अभावलाई धरासय पारौं

अहिले केही दिनयता पेट्रोलियम पदार्थको कृतिम अभाव सृजना भएको छ । विभिन्न बहानामा अहिले पेट्रोल पम्पहरुमा बिहानैदेखी पेट्रोल लिनेहरुको लाइन लाग्ने गरेको छ। बजारमा पेट्रोलियम पदार्थको अभाव सृजना गरि बोतलमा बिक्रि गर्नेहरुको ओइरो लागेको छ । जुन पम्पमा बिक्रि गरिने मुल्य भन्दा झण्डै दोब्बर रहेको छ। यसरी कृतिम अभाव सृजना गरि उपभोक्तालाई हैरान पार्नेहरुप्रति प्रशासनले कडा कदम चाल्नु पर्छ । तर, प्रशासनले यस्तो कुनै पहल गरेको देखिदैन् ।

यस्तै खाद्यान्न लगायत अन्य बस्तुहरुको मुल्यमा अत्याधिक बृद्धि गरिएको छ। हरियो तरकारीदेखी दैनिक उपभोग्य बस्तुको मुल्य दोब्बर भएको छ । दैनिकी रुपमा प्रयोग हुने सामाग्रिहरुको मुल्य मनपरी बढाइएको छ। यता उपभोक्ताहरुले पनि पसलेले गरेको मुल्य बृद्धिको कुनै प्रतिक्रिया नदेखाउँदा झनै पसलेहरुको मनोबल उच्च देखिएको छ।

सबैभन्दा मारमा निम्न वर्गिय उपभोक्ता परिरहेकोले यसप्रति सम्बन्धीत निकायको चासो नजानु उनीहरुको समेत मिलोमतो भएको प्रष्ट देखिन्छ। हुने खानेले जतिसुकै पनि मुल्य बृद्धि भएपनि कुनै असर नपर्ने तर दैनिक रुपमा काम गरेर गुजारा चलाउने परिवारहरु प्रत्यक्ष रुपमा मारमा परेका छन्। एकातिर कोरोनाले त्रसित आमजनता यस्ता कृतिम मुल्य बृद्धिका कारण झनै मारमा परेका छन् । तसर्थ कृतिम मुल्यबृद्धि तथा कृतिम अभाव गर्नेहरुलाई स्थानिय प्रशासनदेखी जनप्रतिनिहरु समेतले कारवाहीको दायरामा ल्याएर जनतालाई राहत दिनसक्ने अग्रसरता देखाउनु अत्यन्त आवश्यक रहेको छ ।

# नास्टले एक पटक चार्ज गर्दा ५० किलोमिटर गुड्ने विद्युतीय स्कुटर बनायो

**रमेश लम्साल**
काठमाडौँ, २४ चत (रासस) ।

नेपाल आयल निगमले निर्धारण गरेको मूल्य अनुसार हाल एक लिटर पेट्रोलको मूल्य रु १६० पर्छ । अन्तर्राष्ट्रिय बजारमा लगातार पेट्रोलियम पदार्थको मूल्य उकालो लागिरहेको छ। खासगरी रुस र युक्रेनबीचको सङ्घर्षको बाछिटाले लगातार इन्धनको मूल्यवृद्धि भइरहेको छ। यस्तो अवस्थामा राज्यको ठूलो धनराशि पेट्रोलियम पदार्थको खरिदमा खर्च भइरहेको छ ।

त्यसमाथि सहर तथा सहरोन्मुख क्षेत्रमा आफ्नै सवारीसाधन चलाउनेको सङ्ख्या पनि वर्सेनि बढ्दै गएको छ। हरेक १५ दिनमा इण्डियन आयल कर्पोरेशनले पठाउने मूल्यसूची र त्यसैका आधारमा निगमले निर्धारण गर्ने मूल्यका आधारमा आफ्ना सवारीसाधन चलाउने हरेक नागरिकले थप खर्चको जोहो गर्नुपर्ने अवस्था आएको छ ।

कोरोना कहरका कारण आर्थिक उपार्जनका क्षेत्र क्रमशः कमजोर बन्दै गएको तर इन्धनको मूल्यवृद्धि लगातार भइरहँदा त्यसले पारेको प्रभाव आफैमा हरेक घरका लागि आर्थिक सङ्कटको कारक बन्दै गएको छ। पेट्रोलियम पदार्थको प्रयोग हुने सवारीसाधनको विकल्प खोल्न नागरिक बाध्य हुँदै गएका छन् । त्यसो त, सरकारले विद्युतीय सवारीसाधनको प्रयोगलाई बढावा दिँदै आएको छ। चालु आवको बजेटमा विद्युतीय सवारीसाधन आयात गर्दा एक प्रतिशत मात्रै भन्सार शुल्क लाग्ने व्यवस्था गरिएको छ ।

क्रमशः नागरिकले विद्युतीय सवारीसाधनको प्रयोगलाई बढावा दिन थालेका छन् । तर, उपयुक्त स्थानमा चार्जिङ स्टेशन नहुँनु तथा पेट्रोलियम पदार्थ प्रयोग हुने जस्तै सवारीसाधन उपलब्ध नहुनुले पनि बाधा उत्पन्न गरिरहेको छ। हरेक सामान बिक्री गर्ने बजार मात्रै नेपाल भइरहेको सन्दर्भमा सरकारी तहबाटै विद्युतीय स्कुटरको अध्ययन गरेर नेपाल विज्ञान तथा प्रविधि प्रज्ञा प्रतिष्ठान (नास्ट)ले तार्किक निष्कर्षमा पुऱ्याएको छ । नेपालका अधिकांश प्रतिष्ठानले प्रभावकारी काम गर्न नसकेको तथा खोजी अनुसन्धानमा नलागेको भन्ने गुनासोकाबीचमा विद्युतीय स्कुटर निर्माण गरेर नयाँ सन्देश दिन खोजेको छ ।

नेपालको माटो र बाटो सुहाउँदो मोडल बनाएको दाबी गर्दै प्रतिष्ठानले व्यावसायिक रूपमा कारखाना नै स्थापना गरेर स्कुटर उत्पादन गर्न चाहनेलाई मार्ग प्रशस्त गरिएको छ । प्रतिष्ठानले तयार पारेको विद्युतीय स्कुटर प्रतिष्ठानका उपकूलपति डा सुनिलबाबु श्रेष्ठ, लुम्बिनी प्रदेशका योजना आयोगका उपाध्यक्ष बामदेव क्षेत्रीलगायतले आफै प्रयोग गरेर हेरिसक्नु भएको छ। प्रतिष्ठानले ऊर्जा, जलस्रोत तथा सिँचाइ मन्त्रालयलाई समेत सो स्कुटरका बारेमा जानकारी गराइसकेको छ। केही दिनभित्रै ऊर्जामन्त्री पम्फा भुसालको उपस्थितीमा उद्घाटन गर्ने कार्यक्रम तय गरिएको छ ।

अन्तर्राष्ट्रिय बजारमा एक पटक चार्ज गर्दा एक हजार किलोमिटर गुड्ने विद्युतीय सवारीसाधन उपलब्ध भइसकेको छ । विद्युतीय सवारीसाधनको निर्माणमा चीन र भारत दुवै देशले ठूलो प्रगति गरिसकेका छन् । नेपालका सडकमा पनि विभिन्न मोडलका विद्युतीय सवारीसाधन गुडन थालिसकेका छन् । पेट्रोलिम पदार्थको लगातार मूल्यवृद्धि भइरहने हो भने उपभोक्ताले बाध्य भएर नै विकल्प खोज्न थाल्छ । बजार अब सोही दिशातर्फ केन्द्रीत भइरहेको छ ।

प्रतिष्ठानका प्रविधि शङ्काय प्रमुख एवं इलेक्ट्रिक स्कुटर निर्माण कार्यक्रमका प्रमुख रवीन्द्र ढकालका अनुसार नेपाली भूगोललाई सुहाउँदो मोडलको विकास गरिएको छ। प्रतिष्ठानले हाल प्रोटोटाइप ( नमूना) निर्माण गरेको हो। यस्तै प्रतिष्ठानले नेपालमा नै कारखाना स्थापना गरेर काम गर्दा के कस्तो प्राविधिक तथा आर्थिक तयारी गर्नुपर्छ भन्नेबारेमा समेत सम्भाव्यता अध्ययन गरिरहेको छ। सो कार्यका लागि लुम्बिनी प्रदेश सरकारले सहकार्य गरिरहेको छ ।

प्रतिष्ठानको परिसरमा नै विद्युतीय स्कुटरको प्रयोगशाला निर्माण गरिएको छ। हाल बनाइएको स्कुटरको नाम 'सारथी' राख्ने बारेमा तयारी भइरहेको ढकालले जानकारी दिनुभयो । नेपालमा नै उत्पादनका लागि सहयोग पुऱ्याउने उद्देश्यका साथ जनशक्तिसमेत तयार भएको छ। प्रतिष्ठानले आवश्यक अध्ययनसहित सात महिनामा परिणाम निकालेको हो ।

एउटा स्कुटर बनाउन प्रतिष्ठानले रु तीन लाखभन्दा बढी खर्च गरेको छ। ठूलो मात्रामा उत्पादन गर्ने अवस्था आउँदा नेपालभित्रै न्यूनतम रु एक लाख ५० हजारदेखि रु दुई लाखसम्ममा विद्युतीय स्कुटर बनाउन सकिन्छ। सबै सामान विदेशबाट आयात गर्नुपर्ने भएकाले केही महँगो भने हुन जाने प्रतिष्ठानको बुझाइ छ ।

नेपाल बजार मात्रै होइन, उत्पादनको थलो पनि बन्नुपर्छ भन्ने सोच राखेर आफूहरूले यसमा अध्ययन गरेको उल्लेख गर्नुहुँदै ढकालले विद्युतीय स्कुटर नेपालमा नै बनाउन सकिनेमा आफू आशावादी रहेको बताउनुभयो। प्रतिष्ठानले उहाँकै संयोजकत्वमा प्लास्टिकबाट पेट्रोल उत्पादन गर्ने अध्ययन पनि गरेको थियो। भारतको अघोषित नाकाबन्दीको समयमा गरिएको सो अध्ययन अवस्था सामान्य भएपछि त्यत्तिकै हराएर गयो । सो स्कुटर निर्माणमा टिम लिडरका रूपमा प्रह्लाद गुप्ताले विशेष भूमिका निर्वाह गर्नुभएको हो ।

प्रतिष्ठानले हाल तयार पारेको स्कुटरमा दुई किलोवाट क्षमताको लिथियम आयन ब्याट्री राखिएको छ। ब्याट्रीको क्षमता बढाउन सकिन्छ। हाल तयार भएको स्कुटर एक पटक चार्ज गर्दा ५० किलोमिटर गुड्न सक्छ। ढकालका अनुसार ब्याट्री र मोटरको क्षमता बढाउँदै जाँदा थप किलोमिटर गुड्ने बनाउन सकिन्छ ।

विशेष गरी, अधिकांश विद्युतीय सवारीसाधनमा प्रयोग हुने ब्याट्रीको समस्या देखिने गरेको छ। नेपालमा नै लिड सेल ब्याट्रीको अनुसन्धान भइरहेको छ। प्रतिष्ठानले त्यसमा प्राविधिक तथा प्राज्ञिक सहयोग गरिरहेको छ। विद्युतीय सवारीसाधनको प्रयोगलाई बढावा दिन जताततै चार्जिङ स्टेशन निर्माण गर्नुपर्ने आवश्यकता छ। नेपाल विद्युत् प्राधिकरणले देशभर पहिलो चरणमा ५० चार्जिङ स्टेशन निर्माण गर्ने भने पनि हालसम्म ठोस प्रगति हुनसकेको छैन ।

यस्तै, निजी क्षेत्रबाट

*बाँकी तीन पृष्ठमा*

**हावाहुरीको मौसममा आगलागीबाट जोगिन सर्वसाधारणलाई स्थानीय विपद जोखिम न्यूनिकरण समितिको अपिल**

- विहान ९ बजेसम्म खाना पकाई चुल्होमा रहेको आगो राम्ररी निभाऔं ।
- खाना पकाउँदा खर पत्करको प्रयोग भएमा आगलागी हुन सक्छ की भनेर पूरै सावधानी अपनाउने गरौं र चुल्हो नजिक एक जना अनिवार्य बस्ने बानी बसालौं ।
- दिउँसोको समयमा हावाहुरी चल्ने हुँदा विहान ९ बजेपछि चुल्हो बाल्नुपर्ने कुनै काम नगरौं ।
- घर नजिक थ्रेसर सञ्चालन नगरी घरदेखि टाढा चौर वा खेतमा सञ्चालन गर्ने गरौं ।
- सलाई, लाइटर, मट्टितेल लगायतका अन्य पेट्रोलियम पदार्थ बालबालिकाको पहुँचभन्दा टाढा राख्ने बानी बसालौं ।
- घरमा एक बाल्टीन वा अन्य भाडोमा पानी २४सै घण्टा राख्ने बानी बसालौं ।
- गुहालीमा घुर बाल्दा सावधानी अपनाउने गरौं ।
- घरको कुनै सजिलो ठाउँमा २/४ बोरा बालुवा राख्ने गरौं जसले गर्दा कहिँ आगलागी भयो भने निभाउन सहयोग हुन्छ ।
- घर तथा गुहालीमा लगाइएको टाटी राम्रोसँग माटोले दुवैतर्फ लिपपोत गर्ने गरौं ।
- आगोबाट हुने जोखिम तथा धनजनको क्षति बारेमा परिवारका सदस्यहरुलाई जानकारी गराई सजग र सतर्कता अपनाउने बानी बसालौं ।
- गाउँमा बारुणयन्त्र आउने जाने बाटो खुल्ला राखौं र बारुणयन्त्रलाई पोखरीबाट पानी भर्न र आगलागी नियन्त्रण गर्ने कार्यमा सहयोग गरौं ।
- गाउँका पोखरीहरुमा पानी सञ्चित राख्ने बानी बसालौं ।
- गाउँमा कसैले आगो जथाभावी राखेको छ भने गाउँ घरमा त्यसरी आगो खुल्ला राख्नु हुँदैन भनेर सचेत गराउने गरौं ।
- कहीँ कतै आगलागी भएमा नजिकको प्रहरी चौकी वा जिल्ला प्रहरी कार्यालयको कन्ट्रोलको नम्बर ९८५२८९०२७० वा १०० नम्बरमा जानकारी गराऔं ।
- कसैको ज्यान वा सम्पत्तिमाथि आगजनी गर्ने अपराध भएकोले यस्तो कार्यमा सहभागी नहोऔं ।
- आगजनी घटनालाई न्यूनिकरणको लागि प्रहरीसँग सहकार्य गरौं र जनधनको क्षति हुनबाट बचौं र बचाऔं ।
- आगलागी प्रकोप उद्धारको सामग्रीहरु जस्तै बाल्टिन, जग, बेल्चा, गैंती, डोरी, स्ट्रेचर, प्राथमिक उपचारको सामग्रीहरु, आगलागी उद्धारको लागि लगाउने कपडा भएसम्म ब्यवस्था गरी राखौं ।

**अनुरोधकर्ता - रुपनी गाउँपालिका, गाउँ कार्यपालिकाको कार्यालय, रुपनी, सप्तरी**

पुरानो रोगको उपचारका लागि सम्पर्क गरौं ।
**होमियोप्याथिक रिसर्च इन्स्टिच्युट**
**डा. सुशील मोहन दास**
(बी.एच.एम.एस)
सिरहा रोड, राजविराज फोन : ०३१-५२१९६८

**डा. सरोज कुमार साह**
**Dr. Saroj Kumar Sah**
MBBS, MS Orthopaedics (BPKIHS) Dharan
Fellowship in Hand Surgery (CMC Vellore)
NMC Reg. No. : 13288
**हाड जोर्नी, नशा तथा बाथ रोग विशेषज्ञ**
सम्पर्क : कृताञ्जली मेडिकल हँल, राजविराज
Mo. No : 9842830252, 9804605569

**डा. ललन प्रसाद रौनियार**
**Dr. Lalan Prasad Rauniyar**
MBBS (BPKIHS) Dharan, MD Paediatrics (BPKIHS) Dharan, NMC Reg. No. : 13338
**कन्सलटेन्ट बाल रोग विशेषज्ञ**
सम्पर्क : कृताञ्जली मेडिकल हँल, राजविराज
Mo. No : 9842830252, 9804605569

**डा. कालीप्रसाद यादव**
**Dr. Kali Prasad Yadav**
MBBS, MD Internal Medicine
(NAMS, Bir Hospital Kathmandu)
NMC Reg. No. : 13203
**कन्सलटेन्ट फिजिसियन**
मधुमेह (चिनी रोग), मुटु, दम तथा श्वासप्रश्वास, पेट तथा कलेजो, मृगौला, छाती, थाईरोइड सम्बन्धी रोग
सम्पर्क : कृताञ्जली मेडिकल हँल, राजविराज
Mo. No : 9842830252, 9804605569

**डा. जयन्ती यादव**
**Dr. Jayanti Yadav**
M.B.B.S. MD (Obstetrician and Gynaecologist)
हाल कार्यरत गजेन्द्र नारायण सिंह अस्पताल राजविराज
NMC No. : 15312
**बरिष्ठ स्त्री तथा प्रसुती रोग विशेषज्ञ**
बाझपन, कमजोरी, लिकोरिया, महिनाबारी समस्याको सफल उपचार
सम्पर्क : कृताञ्जली मेडिकल हँल, राजविराज
Mo. No : 9842830252, 9804605569

## नास्टले एक...

हुण्डाईले ४० वटा चार्जिङ स्टेशन निर्माण गर्दैछ । पछिल्लो पटक सरकारले पेट्रोलियम पदार्थ प्रयोग हुने सवारीसाधनलाई विद्युतीय बनाउनका लागि कानुनी प्रबन्धसमेत गरिदिएको छ । यो काम गर्न पनि ढिलो भएको केहीको बुझाइ छ ।

प्राधिकरणले विद्युतीय सवारीसाधनको चार्जिङका लागि विद्युत् महसुल पनि कम गरेको छ । रातिको समयमा चार्ज गर्दा झनै सस्तो पर्न जान्छ । यद्यपि, सबै स्थानमा चार्जिङ स्टेशन निर्माण हुनसकेको छैन । स्कुटर, मोटरसाइकल चार्ज गर्न भने घरमै पनि सकिन्छ ।

काठमाडौँ उपत्यकामा निजी क्षेत्रले आफ्नै पहलमा चार्जिङ स्टेशन निर्माण गरिरहेको छ । यसलाई थप विस्तार गर्नुपर्ने आवश्यकता छ । प्राधिकरणले आन्तरिक रूपमा बिजुलीको खपत बढाउनका लागि विभिन्न योजना अगाडि सारेको भए पनि केही कानुनी जटिलताका कारण सोचेजति प्रगति हुन सकेको छैन ।

प्रतिष्ठानका वरिष्ठ वैज्ञानिकसमेत रहनुभएका ढकाल सरकार र उद्योगीले देशभित्रै विद्युतीय सवारीसाधन निर्माण र प्रयोगका सन्दर्भमा साझा दृष्टिकोण बनाएर काम गर्नुपर्ने बताउनुहुन्छ । नयाँ कामका लागि केही न केही जोखिम लिनैपर्ने उहाँको भनाइ छ । प्रतिष्ठानले मोबाइल एपबाटै मोटरसाइकल स्टार्ट गर्ने प्रविधिकोसमेत विकास गरेको छ ।

पेट्रोलियम पदार्थको खपत क्रमशः कम गर्दै जानुपर्ने छ । एकातिर वातावरणीय जोखिम बढ्दै गएको छ भने अर्कोतर्फ ठूलो धनराशि विदेशिएको छ । यसबाट जोगिनका लागि विद्युतीय सवारीसाधनको प्रयोग नै उपयुक्तविधि हुन जान्छ । वरिष्ठ वैज्ञानिक ढकालले समयले नै मानिसलाई क्रमशः विद्युतीय सवारीसाधनको प्रयोग गर्नेतर्फ अभिप्रेरित गर्ने र त्यसमा प्रतिष्ठानले प्राविधिक र प्राज्ञिक तहबाट सहयोग गरेको बताउनुभयो ।

बजारमा हस्तक्षेप गर्नका लागि सरकारको तर्फबाट पहल हुनुपर्ने उहाँको भनाइ छ । देशभित्र नै विद्युतीय सवारीसाधन निर्माण हुनसक्छ भन्ने आत्मविश्वास जगाउन पनि आवश्यक छ । त्यसका लागि प्रतिष्ठानले पहल गरेको ढकालले जानकारी दिनुभयो ।

# राजविराज नगरपालिका
## ३ नं. वडा कार्यालय रा.वि.न.पा.बाट जारि भएको सूचना

मिति : २०७८/१२/२४

जिल्ला सप्तरी राजविराज नगरपालिका साविक वार्ड नं. ४ हाल वार्ड नं. ३ हाल बस्ने प्रमोद प्रसाद सिंहले तपसिलका जग्गाहरु नामसारी दर्ता गर्न सिफारिस गरि पाउँ भनी मिति २०७८/१२/२४ मा द.न. ३६६ को निवेदन दिएको हुँदा सो जग्गामा कसैको हक दाबी भए सूचना प्रकाशित भएको मितिले ३५ दिन भित्र आफ्नो सबुत प्रमाण सहित यस नगरपालिका कार्यालयमा निवेदन दिनहुन आउनु होला । अन्यथा कानुन बमोजिम भै जाने व्यहोरा जानकारी गराइन्छ ।

**तपसिल**

जि.स.रा.वि.न.पा. वडा न. ३ बस्ने जयमाला सिंह राजपुतनी नाउँ दर्ताको जग्गा

| जिल्ला | गाविस/न.पा. | वार्ड न. | कि.न. | क्षेत्रफल |
|---|---|---|---|---|
| सप्तरी | राजविराज | ४ क | २६८ | ०-१-१० |
| सप्तरी | मधुपटी | ८ | १२ | ०-९-८ |
| सप्तरी | मधुपटी | ८ | १६ | ०-१९-६ |
| सप्तरी | मधुपटी | ८ | ४३ | ०-१२-१३ |
| सप्तरी | मधुपटी | ८ | ४८ | ०-१०-० |
| सप्तरी | मधुपटी | ८ | ५९ | ०-१२-७१/२ |
| सप्तरी | मधुपटी | ८ | ६४ | १-७-८ |
| सप्तरी | मधुपटी | ८ | ६७ | ०-४-११ |
| सप्तरी | मधुपटी | ८ | २१० | ०-७-१२ |
| सप्तरी | मधुपटी | ८ | ७० | ०-४-१८ |
| सप्तरी | मधुपटी | ८ | ६८ | ०-४-१० |

## आइगलग्गी सँ बचबाक लेल स्थानीय विपद जोखिम न्यूनिकरण समितिके सर्वसाधारणमें अनुरोध

असावधानी के कारण हरेक बर्ष सप्तरी जिला मे आइगलग्गी सँ जान आ माल के क्षति भ रहल छैक । आइगलग्गी सँ असामयीक मृत्यु सेहो भ सकैत अछि, तैं आइगलग्गी के रोकथाम के लेल निम्न उपाय सब अपनाउ आ आइगलग्गी सँ बचु आ बचाऊ ।

- गाम घर मे घुर के कारण बेसी आइगलग्गी होयत छैक, तैं अनावश्यक घुर नै करु, घुर के आइग के नीक जकाँ मिझा क/बुता क सुतु आ घुर सँ आइग नहि लागय तै प्रति सब गोटे सजग आ सतर्क रहु ।
- चुल्हाक आइग नीक सँ मिझाउ/बुताउ, चुल्हा पर खाना बनबैत काल पाईन चुल्हा के लग मे जरुर राखल करु ।
- बौवा बुच्चीके आइग सँ दूर राखु ।
- हवा बसात के समय मे आइग नै पजारु । सकभर भोरे खाना बनाउ आ हवा बसात कम भेलाक बादे खाना बनाउ ।
- बिडी, सिगरेट पी क जथाभावी नै फेकु ।
- चुल्हाके आइग बारी मे रहल छाउरक ढेरी पर मिझा क/बुता क मात्रै फेकल करु ।
- बच्चा, वृद्ध, अपाङ्ग, गर्भवति आ सुत्केरी महिला सभ आइगक चपेट मे जल्दी पइर सकैत अछि तैं हिनका सबके आइगलग्गी सँ बचयबाक लेल सब गोटे सतर्क रही ।
- जौं कतौ आइगलग्गी भ जाय त खाली हाथ नै जाक कमसेकम बाल्टिन या घैला मे पाइन ल क दौरु आ अविलम्ब आइग मिझाब/बुताब मे एक दोसर के सहयोग करु ।
- जौं कतौ आइगलग्गी भ जाय त बारुणयन्त्र के तुरन्त खबर करु ।
- भोर के ९ बजे तक खाना पकाक चुल्हा के आइगकै नीक जकाँ मिझाउ/बुताउ ।
- खाना पकाब काल खर पातके प्रयोग केला पर आइगलग्गी भ सकैय तै के लेल पूरे सावधानी अपनाउ आ चुल्हाके नजदिक मे एक गोटे अनिवार्य रहल करी ।
- दुपहरके समयमे हावा बेसी चलैके कारण भोर ९ बजे के बाद चुल्हा नै पजारु ।
- घरके नजदिक मे थ्रेसर सञ्चालन नै क के घरसँ दूर या खेतमे सञ्चालन करु ।
- सलाई, लाइटर, मट्टितेल लगायतके अन्य पेट्रोलियम पदार्थ बालबच्चा के पहुँच सँ दूर राखल जाउ ।
- घरमे एक बाल्टीन पाइन २४से घण्टा राखल करी
- गोहालीमे घुर पजारैतकाल सावधानी अपनाउ ।
- घरके कोनो सहज ठाममे २/४ बोरा बालु राखु जैस कहिँ कतौ आइगलग्गी भेला पर मिझाब मे/बुताब मे सहयोग हेतै ।
- घर आ गोहालीमे लगायल टाट के नीक जकाँ माइट सँ दुनु दिस लेवा लगाउ ।
- आइग सँ हुअ बाला जोखिम आ धनजनके क्षति के बारेमे परिवारके सदस्य सबके जानकारी कराक सजग आ सतर्कता अपनाउ ।
- गाम घरमे बारुणयन्त्र आब बाला रस्ता बाट खुल्ला राखु आ बारुणयन्त्रके पोखइर सँ पाइन भर मे आ आइगलग्गी नियन्त्रण करबा मे सहयोग करी
- गामके पोखइरमे पाइन सञ्चित क के राखु ।
- कहीँ कतौ आइगलग्गी भेला पर नजदिकके प्रहरी चौकी या जिल्ला प्रहरी कार्यालयके कन्ट्रोलके नम्बर ९८५२८९०२७० या १०० नम्बरमे जानकारी कराउ ।
- ककरो जान या सम्पत्तिमे आइग लगेनाई अपराध छियै तैं एहेन काममे सहभागी नै होउ ।

**अनुरोधकर्ता**

**बलानबिहुल गाउँपालिका, गाउँ कार्यपालिकाको कार्यालय, मल्हनिया, सप्तरी**


**डा. आदर्श कुमार सिंह**

**Dr. Adarsh Kumar Singh**



MBBS, MD TU

NMC Reg. No. : 9413

**कन्सलटेन्ट फिजिसियन**

मधुमेह (चिनी रोग), मुट्टु, दम एवम् श्वास प्रश्वास, पेट तथा कलेजो रोग मृगौला, छाती, थाइराइड सम्बन्धि रोग

**डा. ललन प्रसाद रौनियार**

**Dr. Lalan Prasad Rauniyar**



MBBS (BPKIHS) Dharan, MD Paediatrics (BPKIHS) Dharan, NMC Reg. No. : 13338

**कन्सलटेन्ट बाल रोग विशेषज्ञ**

वरिष्ठ नवजात शिशु तथा बालरोग

**सम्पर्क : जयश्री कृष्ण फार्मेशी**

गजेन्द्र नारायण सिंह अस्पताल (दक्षिण गेट), हनुमाननगर रोड, राजविराज, सप्तरी

**Phone :** 031-533774 / **Mo. No :** 9819721526, 9852820734


# विश्व समाचार

## श्रीलंकाली राष्ट्रपतिद्वारा आर्थिक विज्ञहरुको समूह नियुक्त

कोलम्बो २४ चैत (रासस/सिन्ह्वा) ।

श्रीलंकाली राष्ट्रपति गोटबाया राजपाक्छेले यहाँको अर्थतन्त्र, दिगो विकास र ऋणसम्बन्धी व्यवस्थाको अध्ययन गरी सुझाव दिनका लागि एक विज्ञ समूह नियुक्त गर्नुभएको छ श्रीलंकाली राष्ट्रपतिको कार्यालयले बिहीबार प्रकाशन गरेको एक विज्ञप्ति सो कुरा जनाइएको छ । पछिल्लो समयमा श्रीलंकामा आर्थिक संकट परेको छ । सो संकटको समाधानका लागि उहाँले यो समूह नियुक्त गर्नुभएको छ । पछिल्ला केही दिनमा आर्थिक संकटमा फसेको श्रीलंकाका राष्ट्रपतिले सो बुधबार राति सो विज्ञ समूह गठन गरेको उहाँको कार्यालयले प्रकाशन गरेको विज्ञप्तिमा जनाइएको छ ।सो समूहमा श्रीलंकाको केन्द्रीय बैंकका पूर्व गभर्नर, विश्व वैंकका पूर्व प्रमुख अर्थशास्त्री र आइएमएफका पूर्व निर्देशक रहनुभएको छ। उहाँहरुले श्रीलंकाली राष्ट्रपतिसँग यस विषयमा छलफल पनि गरिरहनुभएको छ। हाल आर्थिक संकटमा फसेको श्रीलंकाका अर्थमन्त्रीले पनि यसअघि नै राजीनामा दिनुभएको छ। त्यसैगरी अन्य मन्त्रीहरुले पनि श्रीलंकाली राष्ट्रपतिसमक्ष सामूहिक राजीनामा दिनुभएको छ ।श्रीलंकाको आर्थिक क्षेत्रका यी विज्ञहरुको सुझाव र सल्लाहबाट यस देशले आफूलाई आर्थिक संकटबाट बाहिर निकाल्न सकिन्छ कि भन्ने प्रयास गर्ने बताइएको छ। श्रीलंका आर्थिक संकटमा फसेकाले यसको विकास र उद्धारका लागि विभिन्न उपायहरुको खोजी गरिरहेका बेला श्रीलंकाली राष्ट्रपतिले नियुक्तगर्नुभएका यी विज्ञहरुबाट थप सहयोग पुग्ने अपेक्षा गरिएको यहाँका सञ्चारमाध्यमहरुले जनाएका छन् ।

## भारतमा कोरोना सङ्क्रमितको संख्या चार करोड तीस लाख भन्दा बढी

नयाँ दिल्ली, २४ चैत (रासस/सिन्ह्वा) ।

भारतमा बिहीबार कोभिड-१९ सङ्क्रमितको सङ्ख्या ४ करोड ३० लाख ३१ हजार ९५८ पुगेको छ । ती मध्ये पछिल्लो २४ घण्टामा देशभर १ हजार ३३ नयाँ घटनाहरू दर्ता भएका संघीय स्वास्थ्य मन्त्रालयको जनाएको छ। गत २४ घण्टामा कोरोना सङ्क्रमणको कारण ४३ जनाको मृत्यु भएपछि कुल मृत्यु हुनेको संख्या पाँच लाख २१ हजार ५३० पुगेको छ ।पछिल्लो २४ घण्टामा २३२ सक्रिय सङ्क्रमितमा कमि आएपछि हाल भारत ११ हजार ६३९ जनामा कोभिड-१९ को सङ्क्रमण देखिएको छ। यो विवरण सङ्क्रिय सङ्क्रमितहरुको सङ्ख्या लगातार घट्दै गएको ७२ औं दिनको हो । हालसम्म ४ करोड २४ लाख ९८ हजार ७८९ जना कोरोना भाइरसबाट सङ्क्रमणमुक्त भएका छन् । ती मध्ये एक हजार २२२ जना पछिल्लो २४ घण्टामा सङ्क्रमणमुक्र भएको अधिकारीहरुले जनाएका छन् ।

## बुडापेस्टमा आएर रुस–युक्रेन युद्ध अन्त्य गर्न हङ्गेरीका राष्ट्रपतिको आग्रह

बुडापेस्ट, २४ चैत (रासस/सिन्ह्वा) ।

हङ्गेरीका प्रधानमन्त्री भिक्टर अर्वानले हङ्गेरीमा आएर युक्रेनसँग वार्ता गर्न रुसका राष्ट्रपतिलाई आग्रह गर्नु भएको छ। युक्रेनसँगको युद्ध तत्काल रोकेर बुडापेस्टमा आएर वार्ता गरेर विवाद अन्त्य गर्न आफूले आग्रह गरेको उहाँको भनाई छ। अत्याधिक मतका साथ प्रधानमन्त्रीमा निर्वाचित भएपछि विदेशी सञ्चार माध्यमहरुका लागि पहिलो पटक आयोजना गरिएको पत्रकार सम्मेलनमा उहाँले आफ्नो आग्रहलाई रुसी राष्ट्रपति पुटिनले स्विकार गर्ने विश्वास पनि व्यक्त गर्नुभयो । गत अप्रिल ३ मा भएको संसदीय निर्वाचनबाट उहाँ नेतृत्वको गठवन्धनले दुई तिहाइ मत प्राप्त गरेको छ। आफ्नो गठवन्धनले धेरै सिट जितेपछि राष्ट्रपति पुटिनले बधाइ दिन आफूलाई फोन गरेको पनि उहाँले जानकारी दिनुभयो। राष्ट्रपति अर्वानले युक्रेन र फ्रान्सका राष्ट्रपति र जर्मन चान्सलरलाई पनि जाति सक्दो चाँडो बुडापेस्टमा आएर रुस–युक्रेन युद्ध अन्त्य गर्न आह्वान गर्नु भएको छ। रुस र युक्रेनबीचको युद्ध अन्त्यका लागि आफूले बुडापेस्टमा अन्तर्राष्ट्रिय शिखर सम्मेलन गर्न चाहेको उहाँको भनाई छ। दुई देशबीचको युद्ध अन्त्य गर्न र गराउन उहाँहरुले यहाँ आएर वार्ता र छलफल गर्न सक्नुहुन्छ, म त्यसका लागि सबैलाई आग्रह गर्छु," उहाँले भन्नु भएको छ। उहाँले शान्ति वार्तामार्फत् नै विवाद र युद्धको अन्त्य गर्न सकिने भएकाले त्यसतर्फ नै लाग्नु पर्नेमा जोड दिनुभयो।

## अष्ट्रियाद्धारा चार रुसी कूटनीतिज्ञलाई देश छोड्न आदेश

भियना, २४ चैत (रासस/एएफपी) ।

अष्ट्रियाले आफ्नो देश भित्र रहेका चार रुसी कूटनीतिज्ञलाई देश छोड्न आदेश दिएको छ। उनीहरुले आफ्नो देशमा रहेर कुटनीतिक मूल्य मान्यता विपरितका गतिविधिहरु गरेको भन्दै अष्ट्रियाले उनीहरुलाई देश छाड्न आदेश दिएको हो । अष्ट्रियाको विदेश मन्त्रालयले दिएको जानकारी अनुसार देश छाड्न आदेश दिइएका व्यक्तिहरु मध्ये तीन जना भियना स्थित रुसी दूतावासमा कार्यरत कर्मचारी रहेका छन् । अर्का एक जना भने पश्चिमी सहर साल्जबर्गमा रहेको कन्सुलेट जनरलमा कार्यरत कूटनीतिज्ञ रहेका छन् । उनीहरुलाई यही अप्रिल १२ सम्ममा अष्ट्रिय छोडिसक्नु पर्ने आदेश दिइएको विदेश मन्त्रालयका अधिकारीहरुले जनाएका छन् ।युरोपेली देशहरुबाट गत सोमबारसम्ममा झण्डै २०० रुसी कुटनीतिज्ञहरुलाई देश निकाला गरि सकिएको छ ।

# सेप्टिक ट्यांकीमा भेटियो बालकको शव

मलङ्गवा, २४ चैत (रासस)।

सर्लाहीको गम्हरियाबाट पाँच दिनदेखि हराइरहेका एक बालकको शव छिमेकीको घरको सेप्टिक ट्यांकीमा भेटिएको छ।

मलङ्गवा नगरपालिका-१२ स्थित गम्हरियाबाट हराएका जितेन्द्र ठाकुरका अन्दाजी १० वर्षीय छोरा आकाश ठाकुर भनिने मिठुको शव बिहीबार बिहान छिमेकी जगदीश ठाकुरको सेप्टिक ट्यांकीमा भेटिएको हो।

आकाश गत चैत २० गते आइतबार राति ८ बजेदेखि हराएका थिए। बालक हराएको सम्बन्धमा सोही राति ११ बजे मृतकका परिवारले जिल्ला प्रहरी कार्यालयमा खबर गरेको थियो। बालकको शव परीक्षणका लागि सदरमुकाम मलङ्गवास्थित प्रादेशिक अस्पतालमा ल्याइएको छ। प्रहरीले बालकको हत्यामा संलग्न भएको आरोपमा जगदीश ठाकुरसहित उनका परिवारका सातजनालाई नियन्त्रणमा लिएर अनुसन्धान अगाडि बढाएको जिल्ला प्रहरी कार्यालय सर्लाहीका प्रहरी प्रवक्ता प्रहरी नायब उपरीक्षक माधवप्रसाद बुढाथोकीले जानकारी दिनुभयो। घटनाबारे थप अनुसन्धान भइरहेको उहाँले बताउनुभयो।

घटना अनुसन्धानमा खटिएको प्रहरी टोलीले जगदीश ठाकुरसहितलाई नियन्त्रणमा लिएर सोधपुछ गरेपछि उनैले बालकको शव देखाएको मलङ्गवा-१२ गम्हरीयाका वडा अध्यक्ष रामदरश रायले जानकारी दिनुभयो। जगदीशका परिवारले बालकलाई बन्धक बनाएर तीन दिनअघि नै आफ्नै घरको माथिल्लो तलामा हत्या गरेर बोराभित्र शव राखेर सेफ्टी टचाङ्कीभित्र लुकाएको वडाध्यक्ष रायले बताउनुभयो।

बालकको शव सेफ्टी टचयाङ्कीभित्र लुकाएर माटोले लिपिएको अवस्थामा फेला परेको उहाँले जानकारी दिनुभयो। 'मृतक बालकका परिवारसँग रु १५ लाख फिरौतीसमेत माग गरिएको थियो", वडाध्यक्ष रायले भन्नुभयो, "फिरौतीका लागि बालकको अपहरण गरिएको थियो तर पोल खुल्ने डरले बालकको हत्या गरिएको रहेछ।"

छोरो हत्याको घटना सुनेर उनको आमा अहिले बेहोस भएकी छिन्। उनको मलङ्गवास्थित ओम अस्पतालमा उपचार भइरहेको छ।

# सिमकार्ड/रिमकार्ड बिक्री वितरणमा कडाइ

काठमाडौँ, २४ चैत (रासस)।

नेपाल दूरसञ्चार प्राधिकरणले मोबाइल सेवाको सिमकार्ड तथा रिमकार्ड बिक्री वितरणमा कडाइ गर्न सेवा प्रदायक कम्पनीलाई निर्देशन दिएको छ। प्राधिकरणले बिहीबार एक सूचना जारी गरी सो निर्देशन दिएको हो।

सेवा प्रदायक कम्पनीले सिमकार्ड बिक्रीवितरण गर्दा भर्नुपर्ने फारम रीतपूर्वक नभराएको तथा कागजात रुजु नगरी सिमकार्ड बिक्री वितरण गरेको भन्ने गुनासो आएकाले प्राधिकरणले अबदेखि प्रक्रिया पूरा गरेर मात्र ' बिक्री वितरण भनेको हो।

"मोबाइल सेवा प्रदायकका सिमकार्ड/रिमकार्ड बिक्री वितरण गर्दा ग्राहकले भर्नुपर्ने फारम ( केवाइसी) रीतपूर्वक नभरी र नियमानुसार कागजात रुजु नगरी सेवा प्रदायकबाट सिमकार्ड/रिमकार्ड बिक्री वितरण भइरहेको भन्ने बुझिन आएको छ। मोबाइल सेवा प्रदायकले प्राधिकरणले दिएको निर्देशन र नियमानुसार ग्राहकलाई रीतपूर्वक फारम भर्न लगाइ र विवरण रुजु गरेर मात्र सिमकार्ड/रिमकार्ड बिक्री वितरण गर्नुहुन अनुरोध छ", प्राधिकरणले जारी गरेको सूचनामा उल्लेख छ।

यस्तै ग्राहकलाई पनि आफ्नो वास्तविक विवरणको आधारमा मात्र सिमकार्ड/रिमकार्ड खरिद गर्न प्राधिकरणले आग्रह गरेको छ। निर्देशन बमोजिम सिमकार्ड तथा रिमकार्ड खरिद बिक्री नभएको पाइएमा प्रचलित कानून बमोजिम कारबाही गरिने प्राधिकरणले जनाएको छ।

### *अस्ताउँदो...*

जसअन्तरगत नहाई खाय, दोश्रो दिन उपवास बसेर राती सखरमा पकाइएको खिर खाएर खरना र तेश्रो दिन उपवास बसेर साँझ अस्ताउँदो सूर्यलाई अर्घ दिने पूजा बिधी सकिएको छ। चैँथो दिन शुक्रबार बिहान उदाउँदो सूर्यलाई अर्घ दिएर चैती छठ पर्व बिधीवत सम्पन्न हुनेछ।


## हावाहुरीको मौसममा आगलागीबाट जोगिन सर्वसाधारणलाई स्थानीय विपद जोखिम न्यूनिकरण समितिको अपिल

- विहान ९ बजेसम्म खाना पकाई चुल्होमा रहेको आगो राम्ररी निभाऔं।
- खाना पकाउँदा खर पत्करको प्रयोग भएमा आगलागी हुन सक्छ की भनेर पूरै सावधानी अपनाउने गरौं र चुल्हो नजिक एक जना अनिवार्य बस्ने बानी बसालौं।
- दिउँसोको समयमा हावाहुरी चल्ने हुँदा विहान ९ बजेपछि चुल्हो बाल्नुपर्ने कुनै काम नगरौं।
- घर नजिक थ्रेसर सञ्चालन नगरी घरदेखि टाढा चौर वा खेतमा सञ्चालन गर्ने गरौं।
- सलाई, लाइटर, मट्टितेल लगायतका अन्य पेट्रोलियम पदार्थ बालबालिकाको पहुँचभन्दा टाढा राख्ने बानी बसालौं।
- घरमा एक बाल्टीन वा अन्य भाडोमा पानी २४सै घण्टा राख्ने बानी बसालौं।
- गुहालीमा घुर बाल्दा सावधानी अपनाउने गरौं।
- घरको कुनै सजिलो ठाउँमा २/४ बोरा बालुवा राख्ने गरौं जसले गर्दा कहिँ आगलागी भयो भने निभाउन सहयोग हुन्छ।
- घर तथा गुहालीमा लगाइएको टाटी राम्रोसँग माटोले दुवैतर्फ लिपपोत गर्ने गरौं।
- आगोबाट हुने जोखिम तथा धनजनको क्षति बारेमा परिवारका सदस्यहरुलाई जानकारी गराई सजग र सतर्कता अपनाउने बानी बसालौं।
- गाउँमा बारुणयन्त्र आउने जाने बाटो खुल्ला राखौं र बारुणयन्त्रलाई पोखरीबाट पानी भर्न र आगलागी नियन्त्रण गर्ने कार्यमा सहयोग गरौं।
- गाउँका पोखरीहरुमा पानी सञ्चित राख्ने बानी बसालौं।
- गाउँमा कसैले आगो जथाभावी राखेको छ भने गाउँ घरमा त्यसरी आगो खुल्ला राख्नु हुँदैन भनेर सचेत गराउने गरौं।
- कहीँ कतै आगलागी भएमा नजिकको प्रहरी चौकी वा जिल्ला प्रहरी कार्यालयको कन्ट्रोलको नम्बर ९८५२८९०२७० वा १०० नम्बरमा जानकारी गराऔं।
- कसैको ज्यान वा सम्पत्तिमाथि आगजनी गर्ने अपराध भएकोले यस्तो कार्यमा सहभागी नहोऔं।
- आगजनी घटनालाई न्यूनिकरणको लागि प्रहरीसँग सहकार्य गरौं र जनधनको क्षति हुनबाट बचौं र बचाऔं।
- आगलागी प्रकोप उद्धारको सामग्रीहरु जस्तै बाल्टिन, जग, बेल्चा, गैंती, डोरी, स्ट्रेचर, प्राथमिक उपचारको सामग्रीहरु, आगलागी उद्धारको लागि लगाउने कपडा भएसम्म ब्यवस्था गरी राखौं।

**अनुरोधकर्ता**

**तिरहुत गाउँपालिका, गाउँ कार्यपालिकाको कार्यालय, गोइठी, सप्तरी**



## VACANCYA NNOUNCEMNT

Nepal Cricket Foundation

Nepal Cricket Foundation (NCF) is looking to recruit a coach to deliver high quality coaching session to girls at public schools in Rajbiraj. Cricket Association of Saptari aims to lead and embed cricket into cultures and passion of the people of Nepal and Unite and Inspire communities through cricket. CAS seeks applications from qualified individuals for the following position **for immediate appointment:**

Cricket Association of Saptari and Nepal Cricket Foundation is implementing the project "Cricket for Equality" in support of MCC Foundation- Charitable arm of Marylebone Cricket Club based at Lords Cricket Ground, UK and in partnership with Cricket Without Boundaries and Saptari Cricket Association.

**Position: Community Coach (Part time) Number: 2**

The Key Responsibilities:

1. Execute the session plan in the public schools as developed by the Cricket for Equality program Head Coach.
2. Report the coaching session by filling the web-based data set.
3. Work with schools to promote girls cricket with in school sporting provision.

**Qualification:**

1. Prior coaching experience to girls in the public schools
2. Have played for District Cricket team
3. Have taken child Protection Training (or be willing to under go child protection training prior to starting the role.)

**Preferred Skills, Knowledge and Experience:**

1. Experience of coaching primary school aged children, inspiring them to participate in sport and physical activity.
2. Candidate to have a genuine enthusiasm and commitment to working with young people from socially deprived backgrounds. (Desirable)
3. Have the ability to deliver high quality sessions and work under the guidance of the Cricket for Equality coaching team members (desirable)
4. Excellent communication skills with children and be well organized
5. A flexible approach with the ability to adjust to different requirements as priorities change.
6. Flexible to travel to near by districts and cities if required.

**Working Hours:** 2 hours every day (4 to 5 days a week)
**Duty Station:** Saptari

All applicants should send their application to info@nepalcricketfoundation.org hardcopy to Rajdevi Sports Centre, Rajdevi Chowk (Near Rajdevi Temple), Rajbiraj-2, Saptari with the subject: **Community Coach- Rajbiraj** and expected salary for the engagement. Priorities will be given to female coaches. Coaches need to attend Gender Sensitization workshop under Cricket for Equality. Closing date for Applications: 12thApril 2022



## सामाजिक सञ्जालको दुरुपयोगबारे सचेत रहौं ।

- आफुले प्रयोग गर्ने मोवाईल, कम्प्युटरजस्ता विधुतीय उपकरण सधै लगआउट गरौ ।
- अरुलाई आफ्नो एकाउण्टको पासवर्ड थाहा नदिउँ ।
- साथीभाई वा अन्यको फोटो तथा भिडियो खिच्नु अघि र सामाजिक सञ्जालमा राख्नु अघि अनुमति लिऔं ।
- अपरिचित व्यक्तिको साथी बन्ने प्रस्ताव आए अस्वीकार गरौ ।
- सामाजिक सञ्जालमै चिनेको भरमा वोलाएको ठाउँमा भेट्न नजाउँ ।
- सामाजिक जिवनमा गर्न नमिल्ने काम तथा व्यवहार सामाजिक सञ्जालमा नगरौ ।
- सामाजिक सञ्जालमा देखिएका भ्रामक, आधिकारिकता नभएका सूचना सन्देश, फोटो तथा भिडियो शेयर नगरौ ।
- कसैको मर्यादा, प्रतिष्ठा तथा सम्मानमा आँच आउने खालका सूचना तथा सन्देश पोष्ट वा शेयर नगरौ ।
- शंकास्पद तथा अशोभनीय सन्देश प्राप्त भए प्रतिपाद गरौ र रेकर्डको लागि सुरक्षित राखौ ।

सामाजिक सञ्जालको उपयोगमा सचेत बनौ र त्यसबाट हुनसक्ने अपराधिक क्रियाकलाप नियन्त्रण गरौ ।

नेपाल सरकार
विज्ञापन बोर्ड



देश विदेशबाट पठाइएको रकम तुरुन्त भुक्तानी लिनका लागि सम्झनुहोस् ।

हाम्रो सेवाहरु →

ipay remit | CITY EXPRESS Money Transfer | Best Remit Quick & Easy | PRABHU Money Transfer प्रभुको इच्छा रकम पठाउन तथा पाउनका लागि भरपर्दो माध्यम | IME International Money Express | himal remit हिमालरेमिट | CG Money

**नेपाल सहकारी संस्था लि.**

राजविराज ४, फोन नं. ०३१-५३१०९६


**प्रकाशक** : नवीनकुमार गुप्ता (९८५२८२०५८४, ९८०३२८३११५), **सम्पादक** : अनिलकुमार अनल (९८४२८३४९१७), **सहसम्पादक** : दीपककुमार गुप्ता (९८४१५१३२९९), **लेआउट** : संजय शेखर, **मुद्रण** : न्यू नवीन प्रेस, राजविराज, फोन : ०३१-५२०७६८ (कार्यालय), **इमेल** : *rajbirajdainik@gmail.com*, **वेवसाइट** : *rajbirajdainik.com.np*